नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
स्थानीय प्रशासन शाखा

पत्र संख्या :- ०७७/०७८
प्राप्त पत्र संख्या र मिति :-
चलानी नम्बर :- ४८७

मानभवन,
ललितपुर, नेपाल

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय ललितपुर

मितिः २०७७।०५।०७

विषयः राष्ट्रिय परिचयपत्रको विवरण दर्ता कार्य सम्बन्धमा ।

श्री राष्ट्रिय परिचयपत्र विवरण दर्ता रुजु अधिकारी, सबै, वडा कार्यालयहरु, कोन्ज्योसोम गाउँपालिका ।
श्री राष्ट्रिय परिचयपत्र विवरण दर्ता अपरेटर, सबै, वडा कार्यालयहरु, कोन्ज्योसोम गाउँपालिका ।

विश्वव्यापी महामारीको रुपमा रहेको COVID-19 को संक्रमण रोकथाम एवं नियन्त्रण गर्ने उद्देश्यले स्थानीय प्रशासन एवं कतिपय स्थानीय तहहरुले आफ्नो नियमित सेवा समेत बन्द गरेको भन्ने समाचारहरु समेत सुन्नमा आईरहेको छ । त्यसै गरी काठमाडौं उपत्यकाका जिल्लाहरुमा २०७७।०५।१० गतेसम्म अति आवश्यक सेवा बाहेकका गतिविधि गर्न नपाउने गरी निषेधाज्ञा समेत जारी भइ लागू भएको अवस्था छ । यस्तो परिस्थितिमा निषेधाज्ञाको अवधि समाप्त भए पश्चात वा स्थानीय तहहरुले आफ्नो नियमित सेवा सुचारु गरे पछि पनि स्थानीय तहका वडा स्तरमा राष्ट्रिय परिचयपत्रको विवरण दर्ता कार्य सुचारु गर्न कठिनाई हुने अवस्थाको सिर्जना भएमा अभियान सञ्चालन भएका स्थानीय तहहरुसँग समेत परामर्श गरी विवरण दर्ता कार्य स्थगित गर्ने र सो कार्यमा दैनिक ज्यालादारीमा खटिएका रुजु अधिकारी, विवरण दर्ता अपरेटर र फाराम भर्ने सहयोगीलाई विवरण दर्तासँग सम्बन्धित उपकरणहरुको सुरक्षा एवं संरक्षणको भरपर्दो व्यवस्था मिलाउन लगाई अभियान स्थगित भएको अवधिको पारिश्रमिक उपलब्ध नहुने कुराको जानकारी गराई विवरण दर्ता कार्य प्रारम्भ भएपछि पुनः सेवामा हाजिर हुने व्यवस्था गरी सो को जानकारी यस विभागलाई समेत गराउनु हुन मिति २०७७।०५।०४ को निर्णयानुसार अनुरोध गरिन्छ भनी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ३७८ मिति २०७७।०५।०४ गतेको पत्रबाट लेखी आएकोले हाललाई विवरण दर्ता कार्य स्थगित गरिएकोले स्थगित भएको अवधिको पारिश्रमिक तपाईलाई उपलब्ध नहुने व्यहोरा आदेशानुसार जानकारी गराइन्छ ।

२०७७/०५/०७

(सुमन पण्डित)
प्रशासकीय अधिकृत

प्रशासकीय अधिकृत



फयाक्सः ०१-५५२३०५१,फोन नं.: ०१-५५२११६५/०१-५५५२८४४, ०१-५५५५४७५ (प्र.जि.अ.), ०१-५५३५१२९ (स.प्र.जि.अ.)
ईमेलः daolalitpur5@gmail.com, फेसबुकः जिल्ला प्रशासन कार्यालय ललितपुर,वेबसाइटः www.daolalitpur.moha.gov.np